आज मिति २०७५ असार ५गते, मंगलबारका दिन बिहान ठिक ७.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४२औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| हस्ताक्षर | | पदाधिकारी |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं वडाका निमित्त वडा अध्यक्ष श्री मनोज कुमार बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. बिष्णु बहादुर के. शी | - | लेखा अधिकृत |
| २२. श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २३. श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २४. श्री भद्र बहादुर बस्नेत | - | नायब सुब्बा |

## निर्णयहरु

### निर्णय नं.१

आर्थिक वर्ष २०७५।७६ को बजेटबाट विषयगत कार्यक्रम संचालन गर्नको लागि विषयगत शाखालाई तपसिल बमोजिम बजेट विनियोजन गर्ने ।

**तपसिल**

| | |
|---|---|
| शिक्षा | ५० लाख |
| कृषि | ३० लाख |
| पशु | ३० लाख |
| स्वास्थ्य | २५ लाख |
| महिला,आदिवासी जनजाती,शारिरिक रुपले फरक क्षमता भएका(अपाङ्ग),बालबालिका लगायतका लक्षित वर्ग | ५६ लाख |
| युवा स्वरोजगार तथा खेलकुद | २० लाख |
| **कुल जम्मा** | **२ करोड ११ लाख** |

### निर्णय नं.२

आर्थिक वर्ष २०७५।७६ को बजेटबाट वडा नं. ५,६ र ९ को खानेपानीको लागि रु १ करोड विनियोजन गर्ने ।

### निर्णय नं.३

चाल्नाखेल देखि पावर हाउस सम्मको सडक वर्षाको भेलले गर्दा बाटो बन्द भएकोले सो कामको लागि वडाबाट माग भएबमोजिमको खर्च स्विकृत गर्ने ।

### निर्णय नं. ४

यस नगरपालिकाको मिति २०७५ असार १ गतेको ४० औं वोर्ड बैठकबाट श्री माता दक्षिणकाली रोडा ढुंगा बालुवा उद्योग प्रा.लि. लाई दिएको अस्थायी अनुमतीको सम्बन्धमा नगरपीलका क्षेत्र भित्रका उपभोक्ता समिति र भुकम्प पिडितहरुलाई राहत दिने प्रयोजनको लागी खानी अनुगमन समितिको प्रतिवेदन बमोजिम गाडी भाडा बाहेक खानीबाट बालुवा खरिद गर्न लाग्ने रकममा २५%छुट गरी खानीवालाले वालुवा उपलब्ध गराउनु पर्ने भनी भएको निर्णयमा उक्त उद्योग प्रा.लि.लाई असार मसान्त सम्मको लागि मात्र भन्ने व्यहोरा छुट भएकोले उक्त उद्योग प्रालिलाई असार मसान्त सम्मको लागि मात्र अस्थायी अनुमती दिने ।